# प्रदेश सभा
# सामाजिक विकास समिति

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**बैठक संख्याः२३**

**मितिः२०८०।१०।१२**

## छलफल तथा निर्णय

**निर्णय १**

मिति २०८०।०८।२५, २६, २७ र ऐ. ९/०५ गते विभिन्न स्वास्थ्य क्षेत्रका प्रादेशिक अस्पताल र स्वास्थ्य केन्द्रहरुको स्थलगत अध्ययन अवलोकन गरी तयार गरिएको प्रतिबेदन आज यस समितिको २३औँ बैठकमा माननीय मुख्यमन्त्रीज्यू र माननीय सामाजिक विकास मन्त्रीज्यूलाई प्रदेश सरकार र मन्त्रालयसँग सम्बन्धित विविध विषयमा प्राप्त भएका समस्याका विषयमा कसरी समाधान गर्ने भन्ने विषयमा व्यापक छलफल गरी प्रतिबेदन बुझाउने कार्य सम्पन्न गरियो।

**निर्णय २**

मिति २०८०।१०।०८ गते कृषि अनुदान वितरणमा अनियमितता भयो भनी परेको निबेदनका सम्बन्धमा छलफल गर्दा प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले कृषि क्षेत्रमा वितरण गर्ने अनुदान प्रक्रियामा अनियमितता भएको निबेदन सामाजिक विकास समितिमा परेको र सोका आधारमा सामाजिक विकास समितिले बैठकमा सम्बन्धित मन्त्रालयका माननीय मन्त्रीज्यूलाई बोलाई अनुदान प्रक्रियालाई विधिसम्मत र पारदर्शी बनाउन समितिको तर्फबाट निर्देशन दिने कार्य गरियो। साथै यस अघि स्थगित गर्न भनिएका कृषि क्षेत्रमा वितरण गरिने अनुदान प्रक्रियामा अनियमितता नहुने गरी आवश्यक मापदण्ड पुग्ने, विधि सम्मत र पारदर्शी तरिकाबाट वास्तविक लक्षित वर्गसँग पुग्ने गरी अनुदान वितरणको प्रक्रियालाई अगाडी बढाउन प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन गर्ने निर्णय गरियो।